नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## विकास सहायता समन्वय शाखा

प.सं. २०७५/०७६ (विसस)

चलानी संख्या: १३६

मिति:२०७५।६।५

विषय: भवन आचार संहिता कार्यान्वयन सम्वन्धमा ।

श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका सवै ।
श्री जिल्ला समन्वय समिति सवै ।
श्री गाउँपालिका सवै ।

प्रस्तुत विषयमा महिला ,बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको मिति २०७५।५।२२ ,च.नं. २१ को पत्रानुसार भवन निर्माण संहिता कार्यान्वयन गर्न गराउन हुन निर्णयानुसार अनुरोध छ। सो पत्रको छाँया प्रति यसैसाथ संलग्न छ ।

वोधार्थ:
श्री सूचना तथा प्रविधि शाखा- पत्र मन्त्रालयको **Website** मा **Upload** गरी दिन हुन।

०७५।६।५
लेखनाथ भट्टराई
शाखा अधिकृत

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ०१-४२००१६४/४२००१६८
४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
E-mail : mail@mowcsw.gov.np
Website : www.mowcsw.gov.np

पत्र संख्या : ०७५/०७६
चलानी नं.: २१

मिति: २०७५/०५/२२

प्रिय सहकारीज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाण्डौ ।

विषयः-भवन आचार संहिता कार्यान्वयन गर्ने बारे ।

नेपाल सरकारले सरकारी भवनहरु निर्माण गर्दा अपाङ्गता मैत्री बनाउनु पर्ने भन्ने व्यवस्था भवन आचार संहितामा उल्लेख गरिएको छ । नेपाल सरकार (मन्त्रिपरिषद) बाट २०६९।११।६ मा स्वीकृत भएको "अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका २०६९" मा सरकारी भवन, शैक्षिक संस्था, स्वास्थ्य संस्था, धार्मिक स्थल, कार्यस्थल, सडक, सडक पेटी, यात्रु प्रतिक्षालय, पार्किङ्ग स्थल, मनोरञ्जन स्थल, सम्मेलन केन्द्र, सिनेमा हल, जस्ता सार्वजनिक स्थल र सर्वसाधारणलाई खुल्ला गरिएका व्यावसायिक तथा आवासीय भवन, होटल तथा रेष्टुरेण्ट, एटिएम बैंकिङ सेवा जस्ता सार्वजनिक भौतिक संरचनामा उपयुक्त र्याम्प, लिफ्ट, ढोका, झ्याल, गाइडिङ ब्लक र ब्रेल समेतको व्यवस्था गरि भौतिक संरचनाका साथै अपाङ्गता भएका व्यक्तिका लागि सूचना सेवामा समेत पहूँच अभिबृद्धि गर्ने व्यवस्था उल्लेख गरिएको छ । नेपालको संविधानको धारा १८(३) को प्रतिबन्ध्यात्मक वाक्यांसमा अपाङ्गता भएका व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासका लागि राज्यले विशेष व्यवस्था गर्न सक्ने व्यहोरा उल्लेख गरिएको छ । त्यस्तै धारा ४२(३)मा "अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ" भन्ने व्यवस्था उल्लेख गरिएको छ । नेपाल पक्ष राष्ट्र भई हस्ताक्षर गरी सकेको अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धी राष्ट्रसंघीय महासन्धि, २००६ लगायत सबै अर्न्तराष्ट्रिय मञ्चहरुमा भौतिक संरचना अपाङ्गता मैत्री बनाउने नेपालले लिखित रुपमा प्रतिबद्धता जनाई सकेको छ । अबको भौतिक संरचनाहरुको निर्माण गर्दा अपाङ्गता मैत्री बनाउने अपाङ्गता सम्बन्धी राष्ट्रिय निति तथा कार्ययोजना, २०६३ मा समेत उल्लेख गरिएको छ । अपाङ्गता भएका व्यक्तिका अधिकार सम्वन्धि ऐन, २०७४ मा अपाङ्गता भएका व्यक्तिहरुलाई सबै सेवा सुविधामा उनीहरुको पहूँच स्थापित गर्न सबै भौतिक तथा सूचना सञ्चारमा समेत अपाङ्गमैत्री बनाउनु पर्ने व्यवस्था छ । यती हुँदाहुँदै अधिकांश भौतिक संरचनाहरु अपाङ्गता मैत्री निर्माण भएका छैनन् । गाँउपालिकाको कार्यालय तथा नगरपालिकाको कार्यालयहरुले नक्शा पास गर्दा यो कुराको प्रभावकारी कार्यान्वयन गरेको देखिएको छैन् । सरकारी तवरबाट भौतिक पूर्वाधार निर्माण गर्नका लागि बनाइने अधिकांश नक्सा तथा लगत इष्टिमेटहरु समेत अपाङ्गमैत्री बन्न नसकेको व्यहोरा हामी सबैलाई अवगत नै छ । जबसम्म अपाङ्गता भएका व्यक्तिहरुका लागि भौतिक संरचना अपाङ्गता मैत्री बनाउन सकिदैन तबसम्म उल्लेखित सबै प्रावधानहरु कार्यान्वयन गर्न कठिन हुने देखिएकाले यस मन्त्रालयबाट अपाङ्गता मैत्री भौतिक संरचना निर्माण कार्य कार्यान्वयनका लागि यहाँबाट सबै सरोकारवाला निकायहरुमा पत्राचार समेत गरिएकोमा यद्यपि यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन् । अपाङ्गताका सवालहरुलाई यथासिघ्र सम्बोधन नगरे यो बिषय ओझेलमा पर्ने, पछि बढी खर्चिलो, अव्यवहारिक एवं कतिपय अवस्थामा कार्यान्वयन गर्नै नसक्ने हुन सक्ने भई तत्काले कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिएकाले बिषयको गाम्भिर्यतालाई हृदयंगम गरी सहकारीज्यूलाई नै सम्बोधन गरी यो पत्राचार गरेको छु । अपाङ्गता भएका व्यक्तिहरुका सेवा सुविधा प्राप्तिका लागि पहिलो आवश्यकता अपाङ्गता मैत्री भौतिक संरचना निर्माण गरी उनीहरुको पहूँच बृद्धि गर्नुपर्ने भएकाले यस बिषयको प्रभावकारी कार्यान्वयनका लागि ताहाँबाट मन्त्रालय र अन्य सरोकारवाला निकायहरुमा आवश्यक व्यवस्था एवं निर्देशनका लागि अनुरोध गर्दछु ।

बोधार्थः-
श्री राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, अनामनगर, काठमाण्डौ ।

.....................
(बुद्धि बहादुर खड्का)
सचिव